# स्थानीय राजपत्र

## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः१०　　संख्याः २　　मितिः२०८३/०४/२५


## भाग २

### राप्ती गाउँपालिका, दाङ

कार्यपालिकाबाट स्वीकृतः२०८०/०५/२४

कार्यपालिकाबाट पहिलो संशोधन मितिः २०८३/०४/१३

# कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कर्यविधि, २०८०

# कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८०

**स्वीकृत मिति: २०८०/०५/२४**

**कार्यपालिकाबाट पहिलो संशोधन मिति:२०८३।०४।१३**

**प्रस्तावना:**

रेविज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो। पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठूलो समस्याको रुपमा विद्यमान रेविज रोगका कारण पशुपालक कृषकहरुले वर्षेनी ठूलो आर्थिक क्षति व्यहोर्दै आएका छन् अत: कुकुरको बन्ध्याकरण र रेविज खोपको माध्यमबाट रेविज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य एवं पशुधन संरक्षणमा टेवा पुर्‍याउने उद्देश्य अनुरुप रेविज रोगको जोखिमलाई न्यूनिकरण गर्न सकियोस् भन्ने उद्देश्यका साथ राप्ती गाउँपालिकाको जनस्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी पारदर्शीरुपमा सञ्चालन गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ (ण) बमोजिम राप्ती गाउँपालिकाले कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० रहेको छ।

(ख) यो कार्यविधि कुकर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि राप्ती गाउँपालिकाबाट स्वीकृति भए पश्चात लागु हुनेछ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "पालिका" भन्नाले राप्ती गाउँपालिकालाई सम्भन्नुपर्नेछ।

(ख) "अध्यक्ष" भन्नाले राप्ती गाउँपालिकाका अध्यक्ष सम्भन्नुपर्नेछ।

(ग) "उपाध्यक्ष" भन्नाले राप्ती गाउँपालिकाका उपाध्यक्ष सम्भन्नुपर्नेछ।

**३. उद्देश्य : यो कार्यविधिको उद्देश्य देहाय बमोजिमको हुनेछ।**

(क) नेपाल सरकारको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

(ख) आवश्यकता अनुसार राप्ती गाउँपालिकाले राष्ट्रिय खोप उत्पादन प्रयोगशाला त्रिपुरेश्वरसँगको समन्वयमा रेविज खोप व्यवस्थापन गरी कुकुर बन्ध्याकरण तथा रेविज विरुद्ध खोप कार्यक्रम सञ्चालन गर्ने। उपलब्ध नभएमा गाउँपालिकाबाट खरिद गरी लगाउने।

(ग) राप्ती गाउँपालिकाभित्रका कुकुरहरुको दर्ता, खोप लगाउने कार्य सञ्चालन गरी रेविज रोगको जोखिम न्यूनिकरणमा सहयोग पुर्‍याउने

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२

**४. कार्यक्रम सञ्चालन प्रक्रिया :**

(१) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या एकिन गरी बन्ध्याकरण गर्ने संस्था तथा विज्ञसँग समन्वय गरी सञ्चालन गर्ने।

(२) सामुदायिक कुकुरहरुलाई प्राथमिकता दिई बन्ध्याकरण तथा रेविज खोप कार्यक्रम सञ्चालन गरिनेछ।

(३) रेविज खोप यथासम्भव स्वदेशी प्रयोग गर्नुपर्नेछ।

(४) पालिकाले कुकुर बन्ध्याकरण कार्यक्रम दर्तावाल पशु चिकित्सक मार्फत सञ्चालन गर्नुपर्नेछ। कुनै सस्था मार्फत गर्दा उक्त संस्थामा सो व्यवस्था हुनुपर्नेछ।

(५) रोग सम्बन्धी जनचेतनामूलक सामग्री तयार गरी वितरण गर्ने।

(६) सम्पन्न कार्यक्रमको प्रगति पशु सेवा विज्ञ केन्द्र/पशु सेवा विभागमा पठाउने.

❖ (७)कुकुर बन्ध्याकरणका लागि प्रस्तावक छनौटको मापदण्ड निम्नानुसार हुनेछ।
क)सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको हनुपर्ने।
ख)सेवा प्रदायक संग आफ्नै दक्ष जनशक्ति (रजिस्टार्ड पशु चिकित्सक)भएको हुनुपर्ने अघिल्लो आर्थिक वर्षको अडिट रिपोर्टमा सो कुरा समेत खुलेको हुनुपर्ने।
ग)संस्था संग कुकुर ओसार पसारका गर्ने प्रयोजनका लागि सोही प्रकृतिका सवारी साधन समेत रहेको प्रमाण पेस हुनुपर्ने।

(८) आवेदक संघ/संस्थाको मूल्यांकनका लागि पालिकामा निम्न अनुसारको मूल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| (क) लेखा शाखा प्रमुख | - संयोजक |
| (ख) प्रशासन शाखा प्रमुख | - सदस्य |
| (ग) पशु सेवा शाखा प्रमुख | - सदस्य सचिव |

## परिच्छेद- ३

**५. कार्यक्रम अनुगमन तथा मुल्याङ्कन :**

(१) यस कार्यक्रमको अनुगमन र मूल्यांकन गाउँपालिका अध्यक्ष/उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले गर्नेछन्। यस कार्यमा प्रदेश तथा संघीयस्तरका सम्बन्धित मन्त्रालय अन्तर्गतका विज्ञ टोलीलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद-४

**६. आर्थिक कार्यविधि :**

❖ (१)दफा ४ को उपदफा ७ बमोजिम मापदण्ड पुगेका प्रस्तावदाता मध्येबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धात्मक माध्यमबाट हुनेछ।बन्ध्याकरणका लागि आवस्यक औषधि,सर्जिकल सेवा,रेविज खोप, तथा जनशक्तीको खाना तथा आवास लगायतको प्रबन्ध समेत प्रस्तावक स्वयंले नै व्यहोर्नुपर्नेछ।

(२) कार्यक्रम सम्पन्न भइसकेपछि सोको प्रतिवेदन विज्ञ केन्द्र वा पशु सेवा विभागमा गाउँपालिकाले अनिवार्य रुपमा प्रेषित गर्नुपर्नेछ।

(३) कुकुर बन्ध्याकरण कार्यका लागि तपसिल अनुसारका क्रियाकलापहरुमा निम्नानुसार खर्च गर्न सकिनेछ।

❖ दफा ४(७) पहिलो संशोधन
❖ दफा ६(१) पहिलो संशोधन

दीपक पाठक
प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | क्रियाकलापहरु | लक्ष्य | कुल रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रचार प्रसार सूचना सम्प्रेषण तुल तथा व्यानर, कार्यालय सामान तथा लजिस्टिक र खाजा नास्ता | १ पटक | अधिकतम् १०% | |
| २ | कुकुरहरुलाई बन्ध्याकरण तथा रेविज खोप | | न्यूनतम ९०% | |

आवश्यकता अनुसार माथिको वजेट बाँडफाड गर्दा कुनै शिर्षकमा सहकार्य गर्ने संस्था भएमा उक्त शिर्षक वापतको वजेट कुकुर बन्ध्याकरण तथा रेविज खोपमा खर्च गरिनेछ।

परिच्छेद-५

**७. आर्थिक प्रशासन**

यस कार्यक्रम सञ्चालनका लागि आवश्यक वस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार गर्नुपर्नेछ। कार्यक्रम सम्पन्न पश्चात लेखापरीक्षण कार्य प्रचलित नियमानुसार गर्नुपर्नेछ।

**८. थपघट वा हेरफेर गर्न सक्ने :**

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन पालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि पालिकाले आवश्यकता अनुसार व्याख्या गर्नेछ।

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

## पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि-२०८०

स्वीकृत मिति: २०८०/१०/२३
कार्यपालिकाबाट पहिलो संशोधन मिति: २०८३।०४।१३

**प्रस्तावना:**

राप्ती गाउँपालिका पशुसेवा शाखा मार्फत संचालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्दै पशुजन्य उत्पादन र उत्पादकत्व बढाउन परम्परागत पशुपालन प्रणालीलाइ आधुनिकीकरण र व्यवसायिकरण गर्दै प्रशोधन, भण्डारण र बजारीकरण गर्न कृषक, व्यवसायिक फार्म, कृषि समूह र सहकारीहरुलाई पशु सेवा, सामग्री, तालिम, प्रविधिका साथै पशुजन्य उत्पादनको उचित मूल्य र बजार पहुचको व्यवस्था, लाभहरुको न्यायोचित वितरण र दिगो विकास गर्ने अवधारणा अनुरुप पशुपालन क्षेत्रको विकास, व्यवस्थापन र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ण) बमोजिम राप्ती गाउँपालिकाले पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८० तयार गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि राप्ती गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपश्चात लागु हुनेछ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) "वधिया भाले" भन्नाले अण्डा र मासुका लागि पालिने वहुउपयोगी कुखुराको खसी (Caponized) वनाइएको भालेलाई सम्भन्नुपर्छ।

(ख) "ह्याचलिङ्ग" कार्प माछाका फुलबाट निस्केका ५ दिनसम्मका माछाका अति साना भुरालाई सम्भन्नुपर्छ।

(ग) "फ्राइ" भन्नाले ह्याचलिंगलाई नर्सरी पोखरीमा १५-३० दिनसम्म हुर्काइएको सरदर २.५-३ सेमी आकारको सानो भुरालाई फ्राइ सम्भन्नुपर्छ।

(घ) "फिंगरलिङ्ग" भन्नाले फ्राइलाई रियरिंग पोखरीमा ८-१० हप्ता हुर्काइ मानव औला साइज लगभग ५-७ ग्राम तौलको ठूलो भुरालाई सम्भन्नुपर्छ।

(ङ) "कार्यालय" भन्नाले राप्ती गाउँपालिकाको कार्यालय सम्भन्नुपर्छ।

(च) "फार्म" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजी क्षेत्रका व्यसायी/उद्यमीको संस्थालाई सम्भन्नुपर्छ।

(छ) "अनुगमन समिति" भन्नाले उपाध्यक्षज्यूको संयोजकत्वमा गठित समिति तथा पशु सेवा शाखा प्रमुखसहितको टोली सम्भन्नुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले राप्ती गाउँपालिकालाई सम्भन्नुपर्छ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

३. उद्देश्य:

(क) पशुजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने।

(ख) प्रविधि हस्तान्तरण मार्फत पशुपालन व्यवसायलाई व्यावसायीकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

(ग) कार्यक्रमहरु व्यवस्थित पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्ने,

(घ) अनुदान वितरण प्रणालीलाई प्रक्रियामुखीबाट परिणाममुखी बनाउने,

(ङ) अनुदानको सही र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने,

(च) साना कृषकहरुको उत्पादनलाई संगठित वजारसम्म पहुँच वढाउने,

(छ) राप्ती गाउँपालिकालाई माछामा आत्मनिर्भर बनाई निर्यात प्रबर्द्धन गर्ने।

परिच्छेद २

४. कार्य सञ्चालन प्रक्रिया:

(१) माछा भुरा वितरणको हकमा व्यावसायिक रुपमा माछापालन गर्दै आइरहेका व्यवसायीहरु कार्यक्रममा सहभागी हुन सक्नेछन्।

(२) ह्याचलिंग/फ्राइ तथा फिंगरलिंगको लागि १५ दिनको समय दिई प्रस्ताव पेश गर्नका लागि सूचना प्रकाशन गर्ने।

(३) अनुसूची १ अनुसारको मापदण्ड अनुसार मुल्यांकन गरी लाभग्राही छनौट गर्ने।

(४) वधिया भाले प्रबर्द्धन तथा माछा पोखरीका लागि कृषि चुन लगायतको वितरणको हकमा सहभागी हुनका लागि १५ दिने सूचना प्रसारण गर्नुपर्नेछ।

(५) वधिया भाले प्रबर्द्धन कार्यक्रममा वधिया भाले बनाए वापतको अनुदान उपलब्ध गराउने। प्राप्त निवेदन अनुसार भए नभएको बारे बुझ्न अनुगमन गर्नुपर्नेछ।

(६) पशु स्वास्थ शिविर सञ्चालन कहाँ गर्ने भन्ने निर्णय आर्थिक विकास समितिको निर्णयवाट तय गरिनेछ।

(७) शिविर सञ्चालन गर्नुपूर्व एक हप्ता अगाडि कृषकहरुलाई शिविर सञ्चालनबारे सूचना गर्नुपर्नेछ।

(८) औषधि खरिद गर्दा उक्त क्षेत्रमा रहेको पशु स्वास्थ्यको समस्यालाई निराकरण गर्ने गरी खरिद गर्नुपर्नेछ।

परिच्छेद-३

५. आर्थिक कार्यविधि:

(१) ह्याचलिङ्ग खरिद विलको कुल लागतको ५०% उपलब्ध गराउने।

(२) फ्राइ/फिंगरलिङ्ग साइजका भुरा वितरण गर्दा खरिद बिलको ५०% उपलब्ध गराउने।

❖ (३) वधिया भाले प्रबर्द्धन कार्यक्रममा न्यूनतम ५ वटासम्म भाले वधिया बनाएका कृषकलाई प्रति गोटाका लागि रु. २००।०० का दरले अनुदान उपलब्ध गराउने।

(४) माछापालन गरेका कृषकलाई निवेदन र वडाको सिफारिसका आधारमा चुना वा आवश्यक मिनरल/भिटामिन नि:शुल्क उपलब्ध गराउने।

(५) पशु स्वास्थ्य शिविर/पशु स्वास्थ्य घुम्ती शिविर सञ्चालनको लागि अनुसूची-२ अनुसार हुनेछ।

❖ दफा ५(३)पहिलो संशोधन

२

दीपराज पाठक
प्रमुख प्रशासकीय अधिकृत

(६) विविध कार्यक्रमको खरिद कार्यक्रममा खरिद ऐन २०६३ र खरिद नियमावली २०६४ अनुसार खरिद गर्नुपर्नेछ।

परिच्छेद-५

६. भुक्तानी प्रक्रिया

(१) अनुगमन समितिको रिपोर्टबाट उपयुक्त लागेमा अनुगमन समिति तथा पशु सेवा शाखाको सिफारिसमा भुक्तानी हुनेछ।

(२) भुक्तानीका लागि आवश्यक कागजातहरु

(क) खरिदको बिल र भर्पाइ।

(ख) प्रतिस्पर्धावाट सबभन्दा कम दरको सक्कलै निवेदन।

(ग) कार्यालय र सेवाग्राही बीचको सम्भौतापत्र

(घ) मूल्यांकन कागज, टिप्पणी तथा निर्णय आदि।

(३) ढुवानी गर्दा यदि निजि सवारी साधन भाडामा लिनुपरेमा गाडीको किसिम र जिल्ला दररेट अनुसार सम्भौता गरी भाडामा लिई ढुवानीको व्यवस्था गर्ने।

परिच्छेद ६

७. विविध

(१) प्रचलित कानुन अनुसार हुने : प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

(२) कारवाहीको ब्यवस्था : अनुदान सहयोग प्राप्त गर्ने सहकारी/समूह तथा निजी फर्मले प्राप्त अनुदानलाइ दुरुपयोग गरेमा, कार्यक्रम/सम्भौता रद्द गरिनेछ।

(३) संशोधन तथा परिमार्जन : राप्ती गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिको सशोधन गर्न सक्नेछ।

(४) खारेजी तथा बचाउ :

(क) यस कार्यविधि अन्तर्गतका कार्यक्रम सञ्चालन सम्वन्धमा: कार्यपालिका मार्फत भएका निर्णय वा यस अगाडिका कार्यविधि खारेज गरिएको छ।

(ख) यस अघि सञ्चालन भएका कार्यविधि अन्तर्गतका कार्यक्रम यसै कार्यविधि अनुसार भएको मानिनेछ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची-१

## मापदण्डहरु

**क. ह्याचलिंग वितरण मापदण्ड**

| | |
|---|---|
| १. प्रति पोखरी क्षेत्रफल : ५००-१००० वर्ग मी क्षेत्रफल भएको | |
| २. गहिराइ : १-१.१० मीटर, एकनासको पोखरीको वातावरण राख्न सहयोगी | ५० अंक |
| ३. सफा र स्वच्छ पानीको स्रोत भएको | |
| ४. ह्याचलिङ्ग हुर्काउने वारेको विगत वर्षको अनुभव | २० अंक |
| ५. आहार तथा पानी व्यवस्थापन अनुसार प्रति कठ्ठा ३-५ लाख स्टक गर्न सकिने। | ३० अंक |

**ख. फ्राइ/फिंगरलिंग भुरा वितरण मापदण्ड**

| | |
|---|---|
| १. पोखरी क्षेत्रफल : कम्तिमा १ कठ्ठा क्षेत्रफल भएको | |
| २. गहिराइ : कम्तिमा १ मिटर | ३० अंक |
| ३. सफा र स्वच्छ पानीको श्रोत भएको | ३० अंक |
| ४. माछापालन बारेको विगत वर्षको अनुभव | ३० अंक |
| चुना, मिनरण र भिटामिन वितरणका लागि न्यनतम २०० वर्गमिटर पोखरी भए हुने | १० अंक |

**ग. वधिया भाले प्रबर्द्धन कार्यक्रममा भाग लिनका लागि तलका मापदण्ड हुनुपर्ने।**

१. कम्तिमा ५ भालेलाइ वधिया वनाएका कृषकहरु।

२. राप्ती गाउँपालिकामा दर्ता भएका वा वडाले सिफारिस गरेका कृषकहरु।

३. आगामी वर्ष निरन्तर वधिया भाले वनाइ बिक्री गर्नेछु भनी प्रतिज्ञा गरेका कृषकहरु।

**घ. पशु स्वास्थ्य शिविर/पशु स्वास्थ्य घुम्ती शिवर सञ्चालनको मापदण्डहरु**

१. पशु सेवा शाखा तथा सेवा केन्द्रको सेवाको पहुँचबाट टाढा रहेका क्षेत्रहरु

२. पशुहरुको अधिक संख्या रहेको र यसैलाई अर्थोपार्जनको मुख्य आधार वनाएको क्षेत्र

३. पशु स्वास्थ्यको विषयमा जनचेतना न्यून भएको

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-२
## पशु स्वास्थ्य शिविर तथा घुम्ती शिवाको लागि आर्थिक कार्यविधि

| क.स | विवरण | खर्च प्रतिसत | | कैफियत |
|---|---|---|---|---|
| | | पशु स्वास्थ शिविर | पशु स्वास्थ घुम्ती शिविर | |
| १ | अस्थायी ट्रेविज, खाना नास्ता तथा विविध | १५ | २० | पशु स्वास्थ शिविरमा प्रति शिविर अधिकतम १ लाख खर्च गर्न सकिने र यो मध्य मैदानी भागमा उपयुक्त हुने। घुम्ति शिविरमा अधिकतम प्रति शिविर ५० हजार खर्च गर्न सकिने र यो पहाडी भेगमा उपयुक्त हुने। |
| २ | औषधि खरिद | ८५ | ८० | |

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत